# सोच

Quarterly Publication of Society for Humanism Nepal Year … Issue … October

मानववादी समाज (सोच) नेपालको त्रैमासिक प्रकाशन सोच वर्ष . अङ्क . २०६७ असोज



# नेपालमा धर्मनिरपेक्षताको बहस

**पृष्ठभूमि**

पश्चिमी विश्वमा भएको औद्योगिक क्रान्ति, दाश्रो विश्वयुद्ध र कतिपय प्रलयकारी घटनाहरूले उत्पन्न गरेको चेतनाको फलस्वरूप मानिसहरू ईश्वर र उसको भूमिकामाथि प्रश्न गर्न थाले । ईश्वर दृष्य र पहुँचयोग्य मनोवैज्ञानिक परिकल्पना नभएको हुनाले यो प्रश्न ईश्वरका नाममा राज्य सञ्चालन गर्ने शासकहरूमा पुगेर ठोक्कियो । यसरी मानिसको कर्म र भाग्य माथिबाटै ईश्वरले निर्धारण गर्छ र ईश्वर सबै प्रति दयालु हुने हुनाले मानिसले यो संसारको चिन्तन गर्नु र न्यायिक परिवर्तनको प्रयास गर्नु व्यर्थ छ भन्ने पुरातन मनोसामाजिक मान्यतालाई अठारौं शताब्दीको ज्ञानोदय (भलष्निजतभलभलत) युगले चुनौती दियो । यिनै पृष्ठभूमिमा राज्य सञ्चालनको नीति ईश्वरको आदेश नभएर राजनीतिको विवेक हो र हुनुपर्दछ भन्ने धारणा दह्रोसँग विकसित हुन थाल्यो । यो धारणले पश्चिमी विश्वमा विद्यमान क्रिश्चियन चर्च र पादरीहरूको राज्य सञ्चालनमा हुने गरेको नियन्त्रणकारी भूमिकालाई छुट्याएर राजनीतिज्ञहरूको हातमा सुम्पियो । यसरी धर्म र राज्यलाई एकअर्काबाट छुट्याउने धारणलाई सेक्युलारिज्म भनियो ।

पश्चिममा जागेको ज्ञानोदयको चेतनाभन्दा धेरै अघि पाँचौं शताब्दीमा भारतमा चारवकको भौतिकवादी जीवनदर्शनले सेक्युलारिज्मको धारणालाई सामाजिक स्वरूप दिएको थियो । जीवन भोग्ने र खुशी वा दुखी हुने ईश्वरसँग डराएर वा भक्ति गरेर होइन बरू जीवन रहुन्जेल आफ्नै मर्जीमा अधिकतम सुखको भोग गर्नुपर्छ, मरेपछिको संसार कसलाई थाहा हुन्छ र भन्ने चारवाकको भनाई हो । यो दर्शनलाई धर्मभिरू भारतीय समाजले हुर्कन र फैलन दिएन, दमन गर्यो । पछि सन् १९४७ मा वेलायती उपनिवेशबाट स्वतन्त्रता प्राप्त गरेपछि पश्चिममा पढेलेखेका जवाहरलाल नेहरूले प्रधानमन्त्रीका रूपमा परिवर्तनको नेतृत्व गरे । र संविधानसभामार्फत् बनाइएको नयाँ संविधानले संवैधानिकरूपमा भारत धर्मनिरपेक्ष घोषणा भयो ।

नेपालका विपी कोइरालाको राजनीतिक जीवनको महत्वपूर्ण हिस्सा भारतमै बितेको हो । भारतले स्वतन्त्रता प्राप्त गर्दा, त्यहाँ आधुनिक राजनीतिक तथा समाजिक परिवर्तनका खाकाहरू कोरिँदा विपी भारतमा बसेर राजनीति सिकिरहेका थिए र त्यो सिकाईलाई नेपालको परिवर्तनका लागि प्रयोग गरिरहेका थिए । यसरी नै भारतबाट र विश्वका अन्य देशबारेको बृहत् ज्ञानबाट धर्म निरपेक्षताको विचार पनि विपी र उनी मार्फत् नेपाली काँग्रेसमा पस्यो । यद्यपि विपी र काङ्ग्रेसको धर्मनिरपेक्षतलाई उतिसाह्रो महत्व दिएको पाइँदैन । सन् १९५० को काङ्ग्रेसको पहिलो घोषणापत्रमा यो विचार राखिएको छैन ।

पुष्पलाल श्रोष्ठहरूले शुरू गरेको नेपाली कम्युनिष्ट आन्दोलनले छिटफुटरूपमा धर्मनिरपेक्षताको मुद्दालाई बोकेको पाइन्छ । श्रेष्ठकै बीउबाट उम्री फुटी बनेको राजनीतिक पार्टी नेकपा माओवादीले २०५२ सालमा सशस्त्र द्वन्द्व थाल्नुअघि तत्कालिन देउवा सरकारलाई बुझाउन तयार पारेको ४० बुँदे मागपत्रमा धर्मनिरपेक्षताको मुद्दालाई प्रष्टरूपले उठान गरेको छ । माओवादी द्वन्द्वको विस्तार सँगै सामाजिक र राजनीतिक सरोकारका विषयहरू नेपाली समाजमा तीव्ररूपले घुल्ने र फैलने हुन थाले । धर्मनिरपेक्षता बारेको बहस पनि यसैगरी फैलिँदै आयो । यो फैलावटले २०६२/०६३ को जनआन्दोलनसम्म आइपुग्दा एउटा वजनदार आकार लिइसकेको थियो । जनआन्दोलनको फलस्वरूप बनेको संविधानसभाले नेपालमा २०६३ सालमा अन्तरिम संविधानको निर्माण गर्यो जो आजसम्म नेपालको कानुन रहेको छ । यही अन्तरिम संविधानले नेपाललाई धर्म निरपेक्ष राज्य घोषणा गर्यो ।

**नेपालको सन्दर्भ**

धर्मनिरपेक्षताको नेपाली सन्दर्भ, जो भारतसँग पनि धेरै हदसम्म मिल्न जान्छ, पश्चिमी विश्वको भन्दा निकै भिन्न छ । नेपालमा प्रायः सबै वंशका राजाहरूले हिन्दू धर्मलाई अँगाले र संरक्षण गरे । उनीहरूको नेतृत्वमा समाजव्यवस्थाका शुरूवाततिर अलिखित र पछि १९९० सालको मुलुकी ऐनबाट लिखित कानुनको अभ्यास गरिँदा कतिपय हिन्दु धर्मले भनेको र कतिपय यस धर्मका व्याख्याताहरूले ठानेको कुरालाई नै राज्य तथा समाजको नीति नियमको रूप दिइयो ।

एकातिर नेपाली समाज कहिल्यै पनि एउटा जाति, एउटै धार्मिक आस्था वा एकल संस्कृति भएका मानिसहरूको भूगोल होइन । भिन्न भूगोल र संस्कृति भएका प्रकृतिपूजक आदिवासीहरू, भिन्न आस्था भएका बौद्ध, क्रिश्चियन तथा

मुसलमानहरू पनि नेपाली समाजकै अभिन्न अंग थिए र हुन्। यस्तो विविधतापूर्ण समाजमा हिन्दू धर्म र शास्त्रको एकल प्रभाव कायम गर्ने अभिप्रायले राज्य सञ्चालन गर्न खोज्नु शासकहरूको अन्यायी, अदूरदर्शी र अपरिपक्व सोच थियो। यस्तो सोचले नेपाली समाजका आदिवासी जनजातिलगायत हिन्दूइतर समुदायमा व्यापक असन्तुष्टि र अन्यायमा परेको भान गरायो। अर्कातिर जयस्थिति मल्लले शुरूगरेको वर्णव्यवस्थाले हिन्दू समाजभित्रै पनि जातपात र छुवाछुतको मनोविज्ञानलाई स्थापित गर्‍यो। यसले कथित तल्लो जातको समुदायमा पनि व्यापक असन्तुष्टि र अन्यायको सिर्जना गर्‍यो। नेपालका पुराना राजनीतिक दलहरूले कथित माथिल्लो जात तथा हिन्दू धर्मका प्रभाव र नियन्त्रणमा रहेर समाजमा व्यप्त असन्तुष्टि र अन्यायलाई चुपचाप निरन्तरता दिए वा ज्यादै सुस्त आवजले सुधारको कुरा गरे। यस वास्तविकतालाई बुझ्केको नेकपा माओवादीले राज्यलाई धर्मनिरपेक्ष बनाउनुपर्छ भनी प्रष्ट अडिग आवाज उठायो। यसका पछाडि अन्याय र थिचोमिचोमा परेको नेपाली समाजको ठूलो हिस्सा समर्थनमा उठ्न तयार थियो। २०६२/०६३ को जनआन्दोलनले यही समर्थन प्राप्त गर्‍यो। राज्यलाई धर्मनिरपेक्ष घोषणा गर्नुपर्ने मागले वजनदार आकार लिन पुग्यो। फलस्वरूप सबै ठूला राजनीतिक दलहरूको सहमतिमा २०६३ को अन्तरिम संविधानमार्फत नेपाल धर्मनिरपेक्ष राज्य घोषणा भयो। यो घोषणाले नेपाली समाजको बहुपक्षमा मात्रै हैन वहुविषयमा समेत नयाँ बहस शुरूवात गरेको छ।

**बहसका मुद्दाहरु**

प्रजातन्त्र, शान्ति वा स्वतन्त्रताको जस्तै धर्मनिरपेक्षताको बुझाई र व्याख्यामा पनि विविधता छ। समाज र राज्यको प्रकृतिअनुसार यसको कार्यान्वयनमा कडा वा नरमपन पाइन्छन्। कतै राज्य निरपेक्ष छ तर जनता अदृश्यरूपले बढी धर्मभिरू छन्, जस्तै अमेरिकामा। कतै राज्यको घोषित धर्म छ तर जनता बढी निरपेक्ष छन्, जस्तै नर्वेमा। त्यसैले विश्व राजनीतिको सन्दर्भमा धर्मनिरपेक्षता सापेक्षित धारणा हो। यसको एउटै बुझाई वा अभ्यास छैन। यो यथार्थ नेपालमा पनि लागू हुन्छ। सामाजिक, ऐतिहासिक, साँस्कृतिक र राजनीतिकरूपले अरू समाजभन्दा भिन्न भएकाले नेपालमा धर्मनिरपेक्षताको बुझाई र ब्याख्यामा भिन्नता हुनु स्वभाविक हो। यो स्वभाविकताका बीच धर्मनिरपेक्षतालाई केलाउँदा र समाजमा उठेका तर्कहरूलाई नियाल्दा नेपालको सन्दर्भमा केही विशिष्टखाले सवालहरू बहसको सतहमा देखा पर्छन्।

**क. शब्दावलीको बहस**

सेक्युलारिजमको हिन्दी अनुवाद जस्तै नेपालीमा पनि यसलाई धर्मनिरपेक्षता भनियो। यो शब्दावलीप्रति केही धार्मिक र अन्य स्वतन्त्र व्यक्तिहरूले समेत प्रश्न उठाएका छन्। एकातिर राज्य निरपेक्ष हुन सक्दैन अर्कातिर सेक्युलारिजमको नेपाली भावार्थ धर्मनिरपेक्षता होइन भन्ने कुरा उठेका छन्। धार्मिकहरू, खास गरी उदारवादी हिन्दूहरू भन्दैछन् धर्म निरपेक्षताको सट्टा राज्यको सनातन धर्म भनिनु पर्दछ। केही विश्लेषकहरू धर्मनिरपेक्षताको सट्टा संसारिकता भनिनु उपयुक्त हुने ठान्छन्। ईश्वरको अस्तित्व स्वीकार नगर्ने मानववादीहरू र हिन्दूइतर धर्मवलम्बीहरू धर्मनिरपेक्षतानै ठीक हो भन्छन्। यसर्थ उद्देश्यको भावार्थ समेट्ने साझा शब्दावलीको खोजी र निर्क्योल निरपेक्षतासम्बन्धी बहसको तात्कालीक मुद्दा पुगेको छ।

**ख. परिभाषा र व्याख्याको बहस**

संविधानसभाको निर्वाचनका बखत प्रकाशित सबै ठूला राजनीतिक दलहरूले आफ्ना घोषणापत्रमा राज्यलाई धर्मनिरपेक्ष घोषणा गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। सोही अनुरूप भयो पनि तर कुनै पनि दलहरूले यो शब्दावली वा धारणाको परिभाषा वा व्याख्या गरेनन्। न त अन्तरिम संविधानले नै गर्‍यो। नेपाली धर्मनिरपेक्षताको मूल स्वरूप कस्तो हुने वा हुनुपर्दछ भन्ने स्पष्ट विचार नेपालका कुनै राजनीतिक दलमा नभएको पाइयो। तर अस्पष्ट विचारले व्यवहारिक रूपमा झन् बढी समस्या खडा गर्दछ। विश्वका अभ्यासहरूलाई हेर्दा राज्यको धर्मका प्रति नीति तीन प्रकारका देखिन्छन्। नियन्त्रणकारी, चुपचाप बस्ने वा सबै धर्मलाई समान संरक्षणकारी व्यवहार। नेपालको सन्दर्भमा यी मध्ये कुन नीति राज्यले लिने वा आफ्नै खाले चौथो प्रकारले धर्म र राज्यको सम्बन्धको व्याख्या र व्यवहार गर्ने भन्ने नै प्रष्ट छैन। यो असपष्टताका बीच धर्मनिरपेक्षताको व्यवहारिक कार्यान्वयन सम्भव नहुने हुनाले नेपालमा कस्तो प्रकारको धर्मनीति हुने भन्नेबारेमा गम्भीर बहस हुनु जरूरी छ।

**ग. पीडितहरुको आवाज र समाजमनोविज्ञानबारेको बहस**

विद्वान् हर्क गुरूङलगायतका अभियन्ताहरूले आफ्ना लेखहरूमा आदिवासीमाथि आजसम्म भएको अन्याय र शोषणबाट मुक्ति दिलाउने विभिन्न उपायहरूमध्ये एउटा

राज्यलाई धर्म निरपेक्ष गर्नु हो भनेका छन्। दलित अभियान्ताहरूले नेपालका कथित अछूतहरूको मुक्तिको एउटा प्रमुख उपाय राज्यको धर्मनिरपेक्षीकरण हो भनिआएका छन्। बौद्ध, क्रिश्चियन तथा मुसलमानहरू पनि नेपाल हिन्दू राज्य भएका कारण विगतमा आफूहरू हेपिएको अनुभव गरेका छन्।

कानुनी तवरमा राज्य धर्मनिरपेक्ष घोषित भए तापनि जातपात, छुवाछुत, र धर्मभिरूताको समाजमनोविज्ञानमा खासै परिवर्तन भएको देखिँदैन। यसको निस्कर्ष के हो भने धर्मनिरपेक्षता एउटा कानुनी प्रकृया मात्र नभएर यो त समग्र समाजको चिन्तनशैलीलाई निरपेक्षीकरण गर्दै मानवमूल्यलाई समान हैसियतमा हेर्ने दृष्टिकोणले मात्र मान्यता पाउने चेतनशील वैज्ञानिक सोचतिर डोऱ्याउने प्रकृया पनि हो। त्यसर्थ, विविधतापूर्ण नेपाली समाजमा हुर्केको मानवबीचको असमान हैसियतको व्यवहार, अनुभूति र आवाजलाई प्राविधिकरूपले मात्र सम्बोधन गर्नु पर्याप्त छैन। समाजको मनोविज्ञान र चिन्तनशैलीको निरपेक्षीकरण अझ महत्वपूर्ण हुन्छ भन्ने बहस चलाउनु आजको आवश्यकता हो।

### घ. धार्मिक संगठनहरुको सीमारेखाबारेको बहस

प्राविधिकरूपमा धर्मनिरपेक्ष राज्य घोषित भएपछिको नेपाली समाज हेर्दा अझ धर्मभिरू देखा परिरहेको पाइन्छ। विभिन्न धार्मिक समूहहरूको बढ्दो सामाजिक र राजनीतिक क्रियाशीलताले व्यक्तिगत आस्थाको अभ्यासमा भन्दा पनि आफ्नो धर्मको सशक्त उपस्थिति देखाउनमा उनीहरू लागिपरेको कुरा प्रष्ट छ। धर्मलाई व्यक्तिगत आस्थाको अभ्यास र विषयमा सीमित गरी अन्य प्रकारका क्रियाशीलतामा राज्यले नियन्त्रण गर्नुपर्छ कि पर्दैन भन्ने सवालमा बहस सुरू गर्नु जरूरी छ। नत्र धर्मले राजनीतिक अस्तित्व स्थापित गर्ने वा प्रभावित पार्ने होडवाजीमा समाज जान सक्छ। जनु कुरा पश्चिमी विश्वबाट धेरै अघि स्थापित भै सकेको छ।

### ङ. विषयको अन्तराष्ट्रियकरणबारेको बहस

केही समयअघि पशुपतिनाथ मन्दिरमा नेकपा माओवादी नेतृत्वको सरकारले भारतीय भट्ट हटाएर नयाँ नेपाली पुजारी नियुक्ति गरि हेर्यो। यस घटनाले नेपालमा मात्रै होइन भारतको समाज र राजनीतिक दलहरूको पनि गम्भिर ध्यान आकर्षित गरेको थियो। भारतीय जनता पार्टीले विज्ञप्ति मार्फत नै यसको विरोध गर्यो। भारतीय राजदूतले खुल्ला कुटनैतिक पहल मार्फत् असन्तुष्टि व्यक्त गरे। भारतकै प्रभावशाली नेताहरूले नेपालका राष्ट्रपति डा. रामवरण यादव र तत्कालिन प्रधानमन्त्री प्रचण्डलाई टेलिफलेनबाट समस्या समाधानका लागि दबाब दिए। तत्कालिन संस्कृति मन्त्री गोपाल किराँतीले आफूहरू धार्मिक साम्प्रदायिकताका सामु घुँडा नटेक्ने बताएर भारतको हस्तक्षेप अस्वीकार गर्न खोजे। यो घटनाले नेपालको धर्मनिरपेक्षता राज्यको सार्वभौमितासँग पनि गाँसिएको प्रष्ट भयो। यसरी अन्य धेरै मुद्दाहरूमा जस्तै धर्मका सम्बन्धमा पनि भारतले नेपालमा आफ्नो प्रभाव कायम राख्न खोजेको सन्दर्भमा नेपाली धर्मनिरपेक्षताको बहसमा अन्तर्राट्रियताको सवाल पनि उठेको छ।

### निष्कर्ष

यी घटनाक्रम र बहसका लागि उठेका नयाँ मुद्दाहरूको पछिल्लो शृङ्खलामा जनजाति र माओवादीहरूले धर्मनिरपेक्षता र विरोधीहरूलाई भाषण, लेखनी र भित्ते नारहरूमार्फत् गरेको खबरदारी थपिएको छ। यो खबरदारीले नेपालको धर्मनिरपेक्षता माथि कुनै शक्तिशाली पक्षहरूबाट प्रहार भै रहेको छ र चुनौति छ भन्ने कुरा छर्लङ्ग हुन्छ। यसले पनि पुष्टि गर्दछ कि नेपालमा धर्मनिरपेक्षताको मुद्दा कति गंभीर छ। यस्तो चुनौति र गम्भीरताको अवस्थामा राज्यको नीति र व्यवहारका साथ मानवमूल्यको समान हैसियत स्वीकार गर्ने तथा न्यायको समान वितरण रूचाउने चेतनायुक्त समाजतर्फ उन्मुख गराउने जिम्मा राजनीतिक दलहरूकै हो। यस मार्गमा नागरिक र बौद्धिक समाजले आफ्नो ज्ञान र अनुभवको आधारमा राज्यलाई सघाउनु स्वभाविक दायित्व हो।

# त्यसै त लीला त्यो पनि शिवको

तपाईलाई थाहा छँदैछ, धार्मिक अन्धभक्तहरू भन्छन्- यो संसार भगवान्को लीला हो, उनले जे चाहे त्यही मात्र हुन्छ ।

एक दिन विनाशका देवता शिवलाई लीला रच्न मन लागेछ ।

उनले नन्दीलाई बोलाएर भनेछन्, “मलाई यस संसारमा दुई करोड मानिसमाथि लीला रच्न मन लाग्यो, जसमा ५० लाखको ज्यान जानेछ भने बाँकी डेढ करोड मानिस विभत्स घाईते भै जिन्दगीभर तड्पिने छन् । नन्दी तिमी ती मानिसहरूको लेखा राख्नू ।”

नन्दी हस् महादेव ! भन्दै आफ्नो खाता लिन गए । यता महादेवले भने आफ्नो लीला सुरू गरेछन् । लीलाको चपेटामा परेर सुडानमा ३० हजार मानिस भोकभरीले बितेछन् । अफगानिस्तानमा भएको युद्धले एक लाखको ज्यान लियो । हाईटीमा महाभूकम्प गयो त्यसमा परी १० लाखले ऐचया भन्न पाएनन् । पाकिस्तानमा आएको बाढीमा परेर आठ लाख नागरिक डुबेर मरे भने ८० लाख जनाको घरबार नष्ट भयो । त्यसै त लीला त्यसमाथि शिवको भएपछि यस्ता घटना त कति हो कति ।

नन्दीले यी सबै तथ्याङ्को लेखा राख्दै गए । एक दिन शिवलाई लागेछ संसारमा के के भएछ नन्दीलाई सोधी हेर्नुपर्यो भन्ने । त्यसक्रममा नन्दी, भृङ्गी र शिवका बीचमा भएको वार्ता :

महादेवः नन्दी, अहिलेसम्म कतिजना मरे र कति घाइते भए ?

नन्दीः (खाता पल्टाउँदै) लेखा राखिएको विवरण पढेर सुनाए ।

महादेवः ए नन्दी ! एकिन तथ्याङ्क भन्न, मलाई यसरी दुःख नदे त । ठ्याक्क कति जना मरे र कतिजना घाइते भए भन् ?

नन्दीः त्यो त भन्न मुस्किल छ महादेव ।

महादेव (रिसाउँदै): किन मुस्किल छ ?

नन्दी : त्यो टी भीको समाचारले भने अनुसार टिपेको हो महादेव मैले । उनीहरूलाई पनि विश्वभरको यकिन नम्बर त कसरी थाहा हुन्छ र ?

महादेवः यसपटक अलि गम्भीर भएर यकिन संख्या राख्नू । म फेरि लीला शुरू गर्दैछु ।

# ब्रह्माण्डका सुपरनोभा



प्रा.डा.दयानन्द बज्राचार्य

भनिन्छ, स्वस्थ शरीरमा मात्र स्वस्थ मनको बास हुन्छ र त्यसबाट मात्र स्वस्थ विचार निस्कन्छ । तर विश्वको महान् जिवित वैज्ञानिक र आइन्सटाइनपछिका सबैभन्दा ठूला भौतिकशास्त्री बोल्न, लेख्न र हलचल गर्न नसक्ने व्यक्ति हुन् भन्दा धेरैलाई आश्चर्य लाग्ला। विज्ञहरू उनलाई बीसौ शताब्दीको सबैभन्दा महान् सिद्धान्तका ब्रह्माण्डशास्त्री वा ब्रह्माण्ड जगतका सुपरनोभा अर्थात् महानायक पनि भन्छन्। सन् २००९ जनवरीमा सेवानिवृत्त हुनुअघि उनी संयुक्त अधिराज्य बेलायतको क्याम्ब्रिज विश्वविद्यालयको त्यही पदमा लगातार ३० वर्षसम्म कार्यरत थिए, जुन पदमा कुनै बेला आइजक न्युटन थिए। उनको नाउँ हो- स्टिफन विलियम हकिङ। २१ वर्षको उमेर देखि निको नहुने स्नायुरोग न्यूरो मस्कुलर डिस्ट्रोफीबाट पीडित हकिङका सम्पूर्ण भाग पक्षघातबाट प्रभावित छन् र उनी २४ सै घण्टा नर्सहरूको रेखदेखमा ह्विलचियरमा बिताउन बाध्य छन्। तर, उनको अशक्तताले उनलाई मन लागेको काम गर्न रोक्न सकेन।

स्टिफनको जन्म ८ जनवरी १९४२ मा बेलायतको अक्सफोर्ड सहरमा भएको थियो। उनले लन्डनको सेन्ट अल्बान्स स्कुलमा प्रारम्भिक शिक्षा प्राप्त गरेका थिए। स्कुलमा स्टिफन साधारण होइन, राम्रा विद्यार्थी थिए। स्टिफन उच्च शिक्षा हासिल गर्न अक्सफोर्ड विश्वविद्यालयको युनिभर्सिटी कलेजमा भर्ना भए। स्कुलमा छँदा स्टिफनलाई विज्ञान विषय मन पर्थ्यो र गणितको शिक्षकबाट प्रभावित भएकाले स्टिफन गणित पढ्न चाहन्थे। तर त्यसबेला युनिभर्सिटी कलेजमा गणित विषयको पढाई हुँदैनथ्यो। त्यसैले उनले त्यहाँ प्राकृतिक विज्ञान लिएर आफ्नो अध्ययन शुरू गरे र भौतिकशास्त्रमा विशेषज्ञता हासिल गरे। सन् १९६२ मा हकिङले अक्सफोर्ड विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरे। त्यसपछि सैद्धान्तिक खगोल विज्ञान र ब्रह्माण्डशास्त्र (कस्मोलजी) सम्बन्धी अध्ययन अनुसान्धानका लागी उनी ट्रिनिटी कलेज क्याम्ब्रिजमा भर्ना भए।

क्याम्ब्रिज पुगेलगत्तै हकिङमा निदान नहुने गम्भीर प्रकारको स्नायु रोग न्यूरो मस्कुलर डिस्ट्रोफीको लक्षण देखा पर्न थाल्यो। चिकित्सकहरूले उनलाई एक दुई वर्ष मात्र बाँच्ने बताएका थिए। पहिलोपल्ट स्नायुरोगको लक्षण देखा पर्दा हकिङले आफ्नो विद्यावारिधिको अनुसन्धान सुरू मात्र गरेका थिए। लगभग दुई वर्षसम्म उनले अनुसन्धानमा खासै प्रगति गर्न सकेनन्। विद्यावारिधि पूरा गर्नुअघि नै आफ्नो निधन हुने सोचका कारण उनलाई त्यसको खासै चिन्ता पनि थिएन। तर चिकित्सकहरूले अनुमान विपरीत उनको रोग निको नभए पनि स्थिर हुन थाल्यो। त्यसपछि हकिङ फेरी आफ्नो काममा एकाग्रतापूर्वक लाग्न थाले। उनको अनुसन्धान आइन्सटाइनको सापेक्षताको सिद्धान्त र ब्रह्माण्डलाई सञ्चालन गर्ने आधारभूत नियमहरूको खोजसँग सम्बन्धित थियो। **हकिङको निष्कर्ष छ- ब्रह्माण्डको सृष्टि पूर्णरुपले विज्ञानअनुसार भएको हो र ईश्वर छ भने विज्ञानको नियमहरु नै ईश्वर हुन्।** हकिङका अनुसन्धानका यस्तै अन्य निष्कर्ष ब्रह्माण्ड विज्ञानका क्षेत्रमा धेरै महत्वपूर्ण मानिन्छ।

विश्वविद्यालयको उपाधि हासिल गरेपछि हकिङलाई न्यूरो मस्कुलर डिस्ट्रोफीले झन् झन् च्याप्दै ल्यायो। सन् १९८५ उनलाई निमोनियाको सङ्क्रमण भयो। उनको बाँच्ने सम्भावना कम थियो। उनलाई बचाउन चिकित्सकहरूले उनको स्वासनली शल्यक्रियामार्फत काटेर फाल्नुपऱ्यो। हकिङको प्राण त बच्यो। तर तत्पश्चात् उनले आफ्नो आवाज पूरै गुमाए। बोल्न र लेख्न नसक्ने

भएपछि हकिङका लागि संवाद र आफ्ना विचार हरूको सम्प्रेषण सम्भव भएन। यस समस्याको समाधान गर्न क्याम्ब्रिज र क्यालोफोर्नियाका कम्प्युटर विशेषज्ञहरूले हकिङको लागि एक विशेष कम्प्युटर निर्माण गरिदिए। उक्त सिस्टमको मद्दतले हकिङको चस्मामा जडान गरिएको एक विशेष प्रकार को विद्युतीय उपकरणमार्फत उनी टाउको र आँखाको सङ्केतले आफूले भन्न खोजेको शब्द ह्विलचेयरमा जडान गरिएको शब्दलाई प्रिन्टरका सहयोगले प्रिन्ट गर्न वा कम्प्युटरसँगै जडान गरिएको अर्को उपकरण भ्वाइस सिन्थेसाइजरका सहायताले आवाजमा बदल्न सक्ने भयो। प्रति मिनेट १५ शब्दमात्र लेख्न सकिने यस प्रविधिको प्रयोग गरेर हकिङले दर्जनौ गहकिला वैज्ञानिक शोधपत्र र पुस्तक लेखे। यिनै प्रविधिको प्रयोग गरेर उनी अरूसँग संवाद र पत्रचार गर्ने गर्छन् र ठाउँठाउँमा गएर वैज्ञानिक एवं सार्वजनिक व्याख्यान समेत दिने गर्छन्।

हकिङ आफ्नो अनुसन्धानबारे सर्वसाधारणले पनि थाहा पाउन् भन्ने चाहन्थे। त्यसैले उनले सर्वसाधारणले बुझ्ने सरल भाषामा ब्रह्माण्ड विज्ञानजस्ता भौतिकशास्त्रका जटिल विषयमा लोकप्रिय पुस्तक लेखे। सन् १९८८ मा प्रकाशित अ ब्रिफ हिस्ट्री अफ टाइम अर्थात् समयको एक संक्षिप्त इतिहास तीमध्ये सबैभन्दा पहिलो र चर्चित पुस्तक हो।

ब्रह्माण्डको उत्पत्ति किन र कसरी भयो ? यो कहाँबाट आयो ? के यो सधैँ अस्तित्वमय थियो ? वा यसका कुनै रचयिता छन् ? विश्वमा बृद्धिजीवि मानवको प्रादुर्भाव एक संयोग मात्र हो वा त्यसैका लागि ब्रह्माण्डको रचना भएको हो ? ईश्वर के हो ? ईश्वर छ कि छैन ? छ भने उनको मनमा के छ ? के ईश्वरले नै ब्रह्माण्डको सृष्टि गरेका हुन् ? हो भने के उनीसँग अरू कुनै विकल्प थियो ? के समय सधैं अगाडि बढी रहन्छ ? के ब्रह्माण्डको अन्त्य हुँदैन ? के ब्रह्माण्डको सीमा हुन्छ वा त्यहाँ थप आयाम हुन्छन् ? जब ब्रह्माण्डको अन्त्य हुन्छ तब के हुन्छ ? आदि धेरै गूढ प्रश्नहरूका बारेमा शास्त्रहरूमा कल्पना र विवेचना पाइन्छ। हाम्रा मनमा जिज्ञासाहरू पनि छन्। अब ब्रिफ हिस्ट्री अफ टाइमका हकिङले यी र यस्तै जटिल, रहस्यमय तथा मानिसमा धेरै समयदेखि जिज्ञासाका रूपमा रहँदै आएका पुराना प्रश्नलाई सर्वसाधारणले बुझ्ने भाषामा व्याख्या गर्ने र

**हकिङको निष्कर्ष छ– ब्रह्माण्डको सृष्टि पूर्णरूपले विज्ञानअनुसार भएको हो र ईश्वर छ भने विज्ञानको नियमहरू नै ईश्वर हुन्।**

तिनको भरपर्दो उत्तर दिने प्रयास गरेका छन्। यस पुस्तकमा हकिङले बिग ब्याङ, ब्ल्याक होल, स्पेस एण्ड टाइमजस्ता ब्रहमाण्ड विज्ञानका थुप्रै चर्चित विषयको पनि सरल भाषामा व्याख्या गरेका छन्। यस्ता जटिल विषयवस्तुलाई व्याख्या हकिङले पदार्थ र ऊर्जाबीजको सम्बन्ध वर्णन गर्ने आइन्स्टाइनको विश्वविख्यात एउटा समीकरणबाहेक अरू कुनै समीकरणको प्रयोग गरेका छैनन्। पुस्तकको यो एउटा विशेषता हो। पुस्तक पढ्दापढ्दै हकिङसँगै हामी ब्रहमाण्डको यात्रा गर्दागर्दै चमत्कृत हुन्छौं।

प्रकाशित हुने वित्तिकै अ ब्रिफ हिस्ट्री अफ टाइमले अपार सफलता पायो। यसले पुस्तक विक्रीको इतिहासमा यसअघिका कयौं रेकर्ड तोड्यो। दुई सय ३७ सातासम्म लगातार सर्वाधिक बिक्री हुने पुस्तक (बेस्टसेलर) बनेर अ ब्रिफ हिस्ट्री अफ टाइमले यसअघिको १ सय ८४ हप्ताको बेस्ट सेलर रेकर्ड तोडी गिनिज बुक अफ वर्ल्ड रेकर्ड' मा नाम दर्ता गऱ्यो। हकिङका अनुसार हरेक ७ सय ५० मानिसका लागि अ ब्रिफ हिस्ट्री अफ टाइम को एक प्रति बिक्री भएको छ। अ ब्रिफ हिस्ट्री अफ टाइम बीसौं शताब्दीमा सबैभन्दा बढी बिक्री भएका पुस्तकमध्ये एक हो। विज्ञान विषयमा लेखिएका पुस्तकमध्ये यति लोकप्रिय पुस्तक इतिहासमा अरू छैन।

वैज्ञानिक जगत् र सञ्चार माध्यमले अ ब्रिफ हिस्ट्री अफ टाइमका प्रशंसा गर्दै असंख्य समीक्षा र टिप्पणी गरेका छन्। समीक्षकहरूले यस पुस्तकालाई 'सर्वसाधारण पाठकका लागि ब्रहमाण्ड विज्ञानको सबैभन्दा उत्कृष्ट पुस्तक', 'मौलिक विचार र साहसिक परिकल्पनाको बेजोड नमुना', 'एक उत्कृष्ट विजय', 'स्पष्ट र संक्षेप', 'साहित्यिक एवं काव्यात्मक, 'सुन्दर र बोधगम्य', मर्मस्पर्शी, चमत्कारपूर्ण, पथप्रदर्शक, प्रेरणादायी, उत्तेजक, आकर्षक, मनमोहक, सुन्दर लेखन



आदि विशेषण दिएका छन्। केही समीक्षकले भनेका छन् हकिङ ग्यालिलियो, न्यूटन र आइन्सटाइनको स्तरका वैज्ञानिक हुन् जसले आफ्नो शारीरिक अशक्ततामाथि विजय प्राप्त गरेर ब्रह्माण्ड जगत्का सुपर नोभा अर्थात् महानायक बन्न सफल भए। आइन्स्टाइनले सामान्य पाठकका लागि ब्रह्माण्ड विज्ञानबारे कुनै पुस्तक लेख्न चाहेका भए सम्भवतः उनले पनि हकिङको अ ब्रिफ हिस्ट्री अफ टाइमजस्तै पुस्तक लेख्ने थिए।

असहय भएर आफ्नो हिवलचेयरमा बसिरहँदा पनि हकिङको मन स्थान र समयको विशालता ब्रहमाण्डको रहस्यको खोज गर्न उडिरहन्छ। हकिङको उतेजक बिम्ब र प्रगाढ कल्पनाले हामीलाई सृष्टिको मुटुमा रहेको अन्तिम रहस्यको नजिक ल्याउन सहयोग गरेको छ। ब्रहमाण्ड विज्ञानका विषयमा यति सरल ढंगले पुस्तक लेख्ने क्षमता हकिङबाहेक सम्भवतः अरू कुनै विशेषज्ञमा छैन। आइन्सटाइनपछि महाविस्फोट अर्थात् बिग् ब्याङ् र ब्रमाण्डको उत्पत्तिबारे सजिलोसँग बुझ्ने र विश्वसनीय ढंगमा कसैले व्याख्या गरेको छ भने हकिङले मात्र गरेका छन्।

पुस्तकमा ग्यालिलियो, न्यूटन र आइन्स्टाइनबारे धेरैलाई थाहा नभएका केही महत्वपूर्ण तथ्य पनि छन्। हकिङका अनुसार ग्यालिलियोले पिसाको धरहराबाट विभिन्न वजनका फलामका डल्ला खसालेर आफ्नो सिद्धान्तलाई प्रमाणित गरेको भन्ने बहुचर्चित कथा वास्तवमा सत्य होइन। न्यूटनले स्याउ खसेको घटनाबाट प्रेरित भएर गुरूत्वाकर्षणको नियम पत्ता लगाएको कथा पनि वास्तवमा पूरा सत्य थिएन। न्यूटन एक दुष्ट व्यक्ति थिए जो आफ्नो प्रतिद्वन्द्वी वैज्ञानिकलाई समाप्त पार्न आफ्नो पद र शक्तिको दुरूपयोग गर्नुका साथै जे गर्न पनि पछि हट्दैनथे। पूर्वाग्रहका कारण आइन्सटाइनले सम्पूर्ण वैज्ञानिक समुदायले स्वीकारेको माक्स प्लाङ्कद्वारा प्रतिपादित र प्रमाणित क्वान्टम भौतिकीको सिद्धान्तलाई कहिल्यै स्वीकार गरेनन्। अ ब्रिफ हिस्ट्री अफ टाइम पढ्दै जाँदा पाठकलाई आश्चर्य लाग्छ आजको जस्तो कुनै आधुनिक उपकरणविना नै सयौं वर्ष अघिका वैज्ञानिकहरूले कसरी ठूलठूला वैज्ञानिक सिद्धान्त ठीकसँग प्रतिपादित र प्रमाणित गर्न सके होलान्?

अ ब्रिफ हिस्ट्री अफ टाइमलाई समयसापेक्ष बनाउन र आम पाठकका लागि भाषा अझ सरल पार्न हकिङले लिवोनार्ड म्लोडिनोभसँगको सहलेखनमा सन् २००५ अ ब्रिफ हिस्ट्री अफ टाइम प्रकाशित गरे। हकिङले सर्वसाधारणका लागि ब्रहमाण्ड विज्ञानसँग सम्बन्धित अरू पनि पुस्तक लेखेका छन्। केही समयअघि आफ्नो छोरी लुसीसँग मिलेर बालबालिका लागि ब्रह्माण्डबारे दुई पुस्तक जर्जस सिक्रेट कि टु द युनिभर्स र जर्जस कस्मिक ट्रेजर हन्ट प्रकाशित गरेका छन्। तेस्रो पुस्तक प्रकाशनोमूख छ।

हकिङ ब्रह्माण्ड र पृथ्वीमा मानिसको भविष्यबारे चिन्तन-मनन गर्न सदा व्यस्त रहन्छन्। आफू ब्रह्माण्डको भन्दा पनि मानिसको भविष्यबारे बढी चिन्तित भएको उनी बताउँछन्। उनी लोभ र मुर्खताका कारण पृथ्वीमा मानिसको भविष्य संकटमा पर्ने सम्भावना देख्छन्। मौसम परिवर्तन, परमाणु हतियार र आनुवंशिक परिवर्तनद्वारा निर्मित जीवाणुलाई पनि मानिसको अस्तित्वको लागि ठूलो खतरा ठान्छन्। कुनै दिन सौर्य शक्तिको अन्त्य हुने र मानिस पृथ्वीमा बाँच्न नसक्ने अवस्था उत्पन्न हुनेभएकाले त्यस्तो स्थिति उत्पन्न हुनुअघि नै मानिसको अर्को ग्रहमा बसाइँ सर्नुपर्ने हकिङ तर्क गर्छन्।

अ ब्रिफ हिस्ट्री अफ टाइम हरेक व्यक्तिले पढ्नैपर्ने पुस्तक हो। वास्तवमै हकिङ एक चमत्कार हुन्। इच्छाशक्ति भए अशक्तता भएका व्यक्तिले जुनसुकै प्रकारको उच्चतम सफलता प्राप्त गर्न सक्छ भन्ने ज्वलन्त उदाहरण हुन् स्टिफन हकिङ।

साभारः नागरिक दैनिक

# वर्षा डाक्ने अनौठा अन्धविश्वास

१. भारत मध्यप्रदेशमा बसोवास गर्ने कफ जातिका मानिस वर्षा बोलाउन भ्यागुतालाई एउटा लठ्ठीको टुप्पामा बाँध्छन् र भ्यागुतालाई नचाउँदै हिँड्छन्।

२. नेपाल भारतलगायत कतिपय मुलुकमा वर्षा डाक्न भ्यागुताको भालेपोथी भेला पारेर विवाह गराउने प्रथा छ।

३. नेपाल भारत सीमाक्षेत्रका केही जातिहरू खडेरी हटाएर वर्षा गराउन आफ्ना अविवाहित छोरीहरूलाई सूर्यास्तपछि कहीँ नाङ्गै अवस्थामा खेत जोत्न लगाइन्छ त कहीँ नाङ्गै नाच्न लगाइन्छ। त्यहाँका वासिन्दाहरू के अन्धविश्वासमा छन् भने केटीहरूको त्यो अवस्था देखेर देवतालाई लाज अथवा वर्षा गराई दिन्छन्।

४. रूसको ककेसस प्रान्तमा र अर्मेनियामा पनि वर्षा डाक्न दुई महिलालाई गोरूसरह जुवामा नारेर जोतिन्छ।

५. अमेरिकी राष्ट्र पेरूमा वर्षा डाक्न भ्यागुताका स-साना मूर्ति बनाएर पहाडको टुप्पामा राखिन्छ। भ्यागुताको मूर्तिलाई आकाशको जति नजिक राखिन्छ, पानी पर्ने सम्भावना उति नै बढी हुन्छ भन्ने अन्धविश्वास उनीहरूमा छ।

६. दक्षिणपश्चिम रूसका केही भागमा वर्षा डाक्न गिर्जाघरको प्रार्थना सकिएपछि त्यहाँका पादरीलाई कपडैसित भूइँमा सुताएर मज्जासँग भिजाइन्छ। दक्षिणी रूसको कुर्स्क प्रदेशमा महिलाहरू वर्षा डाक्न बाटोमा हिँड्दै गरेको पुरूषलाई पानीमा धकेली भिजाउछन्। यसो गरे छिट्टै वर्षा हुन्छ भन्ने अन्धविश्वास उनीहरूमा छ।

७. ब्रिटिस कोलम्बियाका रेडइन्डियनहरू जुम्ल्याहा बच्चा मध्येको एउटालाई वायु र अर्कोलाई वर्षाका देवता मान्छन्। यिनै वायु र वर्षा रिसाएर खडेरी पर्यो भनी उनीहरू जुम्ल्याहा बच्चालाई पूजा गरेर खुसी पार्ने कोसिस गर्छन्।

८. म्यानमारको केही भागमा वर्षा डाक्न हात्तीहरूलाई एउटा ठूलो चौरमा जम्मा गरिन्छ र चारैतिर आगो बालेर डराइन्छ। हात्ती डरले चिच्याउन थाल्दछन्। त्यो चिच्याहट देवताले सुन्छन् र वर्षा गरिदिन्छन् भन्ने अन्धविश्वास छ।

९. पूर्वी अफ्रिकामा घामबुनवे आदिवासीहरू वर्षा बोलाउन धामी गुहार्छन्। धामीले गाँउको सबभन्दा अग्लो छतमा एउटा कालो बाछो र एउटा कालो भेँडोको पेट बडो विभत्स तरिकाले च्यात्छ। त्यसबाट निस्केको आलो रगत र मासु चारै दिशामा छर्छ। ऊ छानाबाट ओर्लेर एउटा भाँडोमा पानी माग्छ र त्यसमा चमत्कारी औषधी हाल्छ र पानी गजगज गर्दै उम्लिन्छ। यसको अर्थ हुन्छ पानीका देवता खुसी भए र अब छिट्टै पानी पर्छ भन्ने अन्धविश्वास छ।

१०. न्यूक्यालेडोनिया नामक द्वीपमा झन् अनौठो र डरलाग्दो संस्कारद्वारा पानी डाक्ने प्रथा छ। लामो खडेरी पर्यो भने त्यहाँका धामीहरू जम्मा भएर कुनै मृत व्यक्तिको चिहान खनेर कङ्काल बाहिर झिक्छन् र त्यसलाई कुनै रूखको टुप्पोमा लगेर झुन्डाउँछन्। त्यसपछि उनीहरू त्यस कङ्काललाई टाउकोबाटै नुहाइदिन्छन्। उनीहरूमा के अन्धविश्वास छ भने यस्तो देखेपछि मृत व्यक्तिको आत्माले त्यसरी हालेको पानीलाई वर्षामा परिणत गरिदिन्छ।

११. कतै भ्यागुताको विवाह त कतै नाङ्गो विधान। कतै प्रेतको पूजा त कतै पानीको भूतप्रेतलाई धम्की। त्यति मात्र हुँदैन वर्षा डाक्न- नेपालका कतिपय हिन्दु समुदायमा वर्षा बोलाउन विभिन्न देवीदेवताको पूजा गरिन्छ। कतै भने सुक्खा पोखरी खनेर छोडिन्छ। कतै पशुपक्षिहरूको बलि दिइन्छ त कतै केटाकेटीहरूलाई "हर हर महादेव, पानी देऊ" नारा भट्याउँदै गाउँ डुल्न लगाइन्छ।

**साभार- विश्वप्रसिद्ध अनौठा अन्धविश्वास र प्रथाहरू**

# मानववादी समाज (सोच) नेपालका क्रियाकलाप




नेपालमा मानववादको अभियानलाई सशक्त बनाउन मानववादी समाज (सोच) नेपालको स्थापना भएको हो । स्थापना कालदेखि नै यस संस्थाले नीतिगत तथा स्थानीय तहमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।



- **विश्व मानववादी दिवस**: सोच नेपालले विश्व मानववादी दिवस (जुन २१) को अवसर पारेर अर्थात् २०६७ साल असार ७ गते नेपालमा धर्मनिरपेक्षताको महत्वका बारेमा जानकारी पत्रकार भेटघाट कार्यक्रम आयोजना गऱ्यो । उक्त कार्यक्रममा नेपालका विभिन्न राजनीतिक दलका नेतृत्व तथा समाजसेवीहरूको सहभागिता रहेको थियो । कार्यक्रम रिपोटर्स क्लव पुतलीसडकमा आयोजना गरिएको थियो ।

- **रक्तदान कार्यक्रम**: विश्व मानववादी दिवसकै अवसरमा २०६७ साल असार ७ गते सोच नेपालले रक्तदान कार्यक्रमको आयोजना गऱ्यो । मानववादी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, सोच युवा तथा सोच नेपालले संयुक्तरूपमा आयोजना गरेको उक्त कार्यक्रममा मानववादी अभियन्ता तथा शुभचिन्तकहरूको सहभागिता रहेको थियो । कार्यक्रममा ५१ जनाले रक्तदान गर्नु भएको थियो ।



- **सरसफाई कार्यक्रम**: मानववादी समाज सोच नेपालले जनचेतना जगाउने उद्देश्य राखी २०६७ साल वैशाख ११ गते रत्नपार्कमा सरसफाई कार्यक्रमको आयोजना गऱ्यो । उक्त कार्यक्रममा सयौं नेपाली तथा विदेशी युवाहरूको सहभागिता रहेको थियो । दुर्गन्धित बन्दै गएको काठमाडौंको वातावरणलाई स्वच्छ बनाउने पहिलो जिम्मेवारी काठमाडौंका वासिन्दाको हो भन्ने सोच प्रवर्द्धन गर्न उक्त कार्यक्रमको आयोजना गरिएको थियो ।

- **अधिकारमुखी विकास परियोजना**: सोच नेपालले काभ्रे जिल्लाको कोशीदेखा गाविसमा अधिकारमुखी विकास परियोजना विगत दुई वर्षदेखि सञ्चालन गरिरहेको छ । सो परियोजनाअन्तर्गत गाउँमा शौचालय निर्माण, विद्यालयलाई सहयोग, हाजिरीजवाफ प्रतियोगिताको आयोजना, सडक ठूलो बनाउने, खानेपानी ट्याङ्की निर्माण, आकाशे पानी सङ्कलन प्रविधि जडान, छात्रवृत्ति प्रदान, स्थानीय सहकारीलाई विविध सहयोग, स्थानीय वासिन्दाको स्वास्थ्य उपचारमा सहयोग, महिला सशक्तिकरण तालिम, छुवाछूतविरूद्ध जनचेतनालगायतका कार्यक्रम सञ्चालन भएका छन् ।



- **सोच समूहको कार्य योजना निर्माण**: सोच नेपाल, सोच सहकारी र सोच युवाको संयुक्त कार्ययोजना निर्माणका लागि मानववादी समाज सोच नेपालले मिति .................................मा बबरमहलको साप फल्चामा एकदिने कार्यशालाको आयोजना गर्‍यो । उक्त कार्यशालामा मानववादका चुनौति र अवसरका बारेमा छलफल गर्दै तीनवटा संस्थाको कार्य योजना तयार पारियो ।



- **कलेज सेमिनार**: सोच युवा समूहले स्कूल तथा कलेजमा आयोजना गर्दै आएको अन्तरक्रिया एवं छलफल कार्यक्रम काठमाडौं, काभ्रेपलान्चोक, सुनसरी र मोरङ्ग जिल्लाका विभिन्न स्कूल तथा कलेजहरूमा निरन्तर रूपले आयोजना गर्दै आएको छ । छलफलमा सहभागी विद्यार्थीहरू मानववादी अभियानका बारेमा विस्तृत जानकारी लिन उत्सुक रहेको पाइयो । खुलासोच विकासका लागि कार्यक्रमले सहयोग गरेको प्रतिक्रिया विद्यार्थीहरूबाट प्राप्त भएकाले यसलाई निरन्तरता दिनुपर्ने ठहरसहितको प्रतिवेदन सोच नेपालको कार्यसमितिलाई प्राप्त भएको छ ।



- **कानुनका विद्यार्थीसँग अन्तर्क्रिया**: सोच नेपाल र कानुन विषयका विद्यार्थीहरूको संयुक्त आयोजनामा मानववादी सोच र कानुनमा यसको आवश्यकता विषयक अन्तरक्रिया नेपाल ल क्याम्पसमा आयोजना गरियो । उक्त कार्यक्रममा सोच नेपालका अध्यक्ष रवीन्द्र भट्टराई र सदस्य खगेन्द्र प्रसाईले आफ्ना प्रस्तुतिहरू राख्नु भएको थियो ।
- **आलम्पुको स्थलगत अध्ययन**: सोच नेपालले

सञ्चालन गरिरहेको अधिकारमुखी विकास कार्यक्रम दोलखाको आलम्पू गाविसमा पनि सञ्चालन गरिने भएको छ । उक्त गा.वि.स.को अवस्था, संभावना र चुनौतिका बारेमा अध्ययन गर्नका लागि संस्थाका निर्देशक तथा महासचिव उत्तम निरौलाले स्थलगत अध्ययन गर्नुभयो ।



- **कार्यक्रम अवलोकन भ्रमण**: सोच नेपालले सञ्चालन गरिरहेको काभ्रे जिल्लाको अधिकारमुखि विकास कार्यक्रम नर्वेस्थित दातृ निकाय हामू कार्यसमिति सदस्य तुभा बोरेस्दातेरले अध्ययन भ्रमण गर्नु भयो । उक्त अध्ययन भ्रमणका क्रममा गाँउमा सञ्चालन गरिएको अधिकारमूखी विकास कार्यक्रमका विविध पक्षबारे छलफल गरिएको थियो ।



- सोच नेपालले मिति २०६७ साल श्रावण २८ गते संस्थाको अधिवेशन सम्पन्न गरेको छ । संस्थाको कार्यालयमा सम्पन्न अधिवेशन कार्यक्रमबाट निर्विरोधरूपमा निम्नबमोजिमको कार्यसमिति चयन भएको छ ।

| | |
|---|---|
| रवीन्द्र भट्टराई: | अध्यक्ष |
| टि.एन. घिमिरे: | उपाध्यक्ष |
| उत्तम निरौला: | महासचिव |
| विशाल सापकोटा: | सचिव |
| शान्ति गुरूङ: | कोषाध्यक्ष |
| सुवाशचन्द्र कट्टेल: | सदस्य |
| शारदा रिजाल: | सदस्य |
| रघुनाथ अधिकारी: | सदस्य |
| सञ्जय खड्का: | आमन्त्रित सदस्य (सोच युवाका अध्यक्ष) |
| रामशरण बस्नेत: | आमन्त्रित सदस्य (सोच सहकारी) |



रिक्त कार्यसमिति सदस्यमा कार्यसमितिको बैठकले मनोनयन गर्ने अधिकार साधारणसभाले कार्यसमितिलाई दिएको छ ।

अधिवेशनमा सोच नेपालका महासचिवको संस्थागत प्रगति प्रतिवेदन र कोषाध्यक्षको आर्थिक विवरणमाथि छलफल

गर्दै ती प्रतिवदने स्वीकृत गरियो। साथै सोच युवा र सहकारीको सङ्क्षिप्त प्रगति विवरण पनि सम्बन्धित संस्थाका अध्यक्षहरूले प्रस्तुत गर्नुभयो।

त्यस्तै गरी सोच युवा समूहको पनि अधिवेशन सम्पन्न भएको छ। अधिवेशनले निम्न व्यक्तहरूलाई कार्यसमितिमा निर्विरोध चयन गरेको छ :

| | |
|---|---|
| अध्यक्षः | सञ्जय खड्का |
| उपाध्यक्षः | रमेश अधिकारी |
| महासचिवः | ईश्वर ओझा |
| कोषाध्यक्षः | नवीना महर्जन |
| सदस्य : | अनिता सुवेदी |
| सदस्यः | यज्ञ क्षेत्री |
| सदस्यः | उमेश खतिवडा |

- सोच नेपालले नेपालको कानुनलाई धर्म निरपेक्ष बनाउनका लागि गरिनुपर्ने सुधारलाई समेटेर नागरिक सुझाब नामक सुझाब पुस्तिका प्रकाशन गरेको छ। आईएचईयुको सहयोगमा उक्त पुस्तक प्रकाशन गरिएको हो। संविधान निर्माणका क्रममा उक्त पुस्तकले औंल्याएका बुँदाहरू उपयोगी हुन्छन् भन्ने विश्वास सोच नेपालले राखेको छ। पुस्तक संविधान निर्माण प्रक्रियामा सहयोग गरिरहेका सबैलाई लक्षित गरी प्रकाशन तथा वितरण गरिएको छ।





